# विगु गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा, बागमती प्रदेश, नेपाल

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

## सेवा करारमा पदपुर्ति गर्ने सम्वन्धी सूचना ।

**प्रथम पटक प्रकाशित मिति :२०७७/०९/०६**

यस विगु गाउँपालिकाभित्र गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम चालु आर्थिक वर्षमा संचालन गर्न देहायको पदहरुमा सेवा करारमा जनशक्ति पदपुर्ति गर्नु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले सूचना प्रकाशनको मितिले १५ (पन्ध्र) दिनभित्र यस विगु गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र दरखास्त दिनुहुन यो सूचना प्रकाशन गरिएको छ ।

**तपशिल**

| क्र.स | विज्ञापन नम्बर | पद | माग संख्या | दरखास्त दस्तुर |
|---|---|---|---|---|
| १ | ०९/२०७७/७८ | सुपरीवेक्षक | १ (एक) जना | रु.६००/- |
| २ | १०/२०७७/७८ | गणक | ५ (पाँच) जना | रु.५००/- |

**१.उमेरको हद:-** दरखास्त दिने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।

**२.न्यूनतम शैक्षिक योग्यता:**

क) **सुपरीवेक्षकको हकमा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरह उत्तीर्ण उत्तीर्ण गरेको र कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान भएको ।

ख) **गणकको हकमा :** मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषयसहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान भएको ।

**३.परीक्षाको किसिम :** आवश्यकता अनुसार छोटो सूची प्रकाशन र अन्तरवार्ता ।

**४.आवेदन दिने अन्तिम मिति :** सूचना प्रकाशन भएको मितिले १५ औं दिन भित्र र सो दिन विदा पर्न गएमा सोको भोलिपल्ट सम्म ।

**५.आवेदन बुझाउनु पर्ने स्थान** : विगु गाउँ कार्यपालिकाको कार्यालय, लादुक दोलखा ।

**६.आवेदनका साथ पेश गर्नुपर्ने कागजात** : वैयक्तिक विवरण, शैक्षिक योग्यताको प्रमाण पत्रको प्रतिलिपि, नागरिकताको प्रमाण पत्रको प्रतिलिपि, कार्यअनुभव तथा विषयगत तालिमको प्रमाण पत्रको प्रतिलिपि, पासपोर्ट साइजको फोटो-२ प्रति ।

**७.दरखास्त दस्तुर** : यस कार्यालयको नेपाल इन्भेष्मेण्ट बैंक लिमिटेड, सिंगटी शाखामा रहेको **आन्तरिक राजश्व खाता नं.०६७०१४००२५०००९** मा जम्मा गरेको सक्कलै भौचर वा कार्यालयमा बुझाएको रसिद आवेदनसाथ पेश गर्नुपर्नेछ ।

**८.तलव स्केल तथा अन्य सूविधा:** गरिव परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम ।

**९.करार अवधि :** नियुक्ती भएको मितिले बढीमा ५ महिनासम्म ।

**१०.कार्यक्षेत्र** : विगु गाउँपालिका।

*पुनश्च :- कम्प्युटर सीप भएका र स्थानीयवासीलाई प्राथमिकता दिइने छ ।*

*प्रमुख प्रशासकीय अधिकृत*

*Email:- bigumun@gmail.com, Phone:-049-410109, Website:-bigumun.gov.np*